# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# बोलपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं. १७/०७७/०७८ योजना

प्रथम पटक प्रकाशित मितिः २०७८।२।०४

यस नगरपालिकाबाट आपतकालिन ब्यवस्थापनको लागि स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्य सिलबन्दी बोलपत्र द्धारा गराउनुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्सबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ।

**शर्तहरू :-**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) एन.आई.सी. एसिया बैक मणिग्राम शाखा स्थित 1052055499599012 मा जम्मा गरि फर्म/सप्लायर्सले ब्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले बोलपत्रको ३० (तिसौ) दिन कार्यालय समयसम्म तिलोत्तमा नगरपालिका बाट फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरेको बोलपत्र फाराम नियम अनुसार कामको विवरण, ठे.नं., बोलपत्रदाता नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्रको ३१ (तिसौं) दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ।

३. बोलपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैंक मणिग्राम शाखा स्थित धरौटी खाता नं. A5CA549959952403 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यताप्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० (एक सय बिस) दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ।

४. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ. कर सहित) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | ४८/०७७/०७८ | तिलोत्तमा नगरपालिकाको लागि आई सि यू वेड तथा अन्य आवश्यक सामाग्री सप्लाइ तथा जडान गर्ने कार्य। | ६०,३३,०००।०० | १,५१,०००।- | ३०००।- | सिलबन्दी बोलपत्र |